## जलेश्वर नगरपालिका नगरसभाको १६ औं अधिवेशन समुदघाटन समारोहमा नगर प्रमुख श्री सुरेश साह सोनारद्वारा प्रस्तुत

# आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

**आदरणीय नगर सभाका सदस्यहरू**
**तथा उपस्थिति सम्पूर्ण महानुभावहरूमा**
**हार्दिक अभिवादन ।**

नेपालको संविधान बमोजिम स्थानीय तहको सरकार सञ्चालनमा हामी दोस्रो कार्यकालको चौथो वर्षमा प्रवेश गरिरहेका छौं । आज हामी नगरसभाको १६ औं अधिवेशनमा उपस्थित भएका छौं । १६ औं अधिवेशनको यो गरिमामय अवसरमा सम्पूर्ण नगरसभा सदस्यहरूलाई हार्दिक स्वागत गर्न चाहन्छौं ।

स्थानीय तहको निर्वाचनबाट हामीलाई मतदान मार्फत निर्वाचित गर्नुहुने आदरणीय जलेश्वर नगरवासी आमा, बुबा, दाजु भाई तथा दिदीबहिनीहरू सबैमा हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दछु । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरूमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संरचना अनुसार स्थापित स्थानीय सरकारको रुपमा जलेश्वर नगरपालिका सेवा प्रवाह, स्थानीय पूर्वाधारको विकास, सामाजिक समावेशिता, आर्थिक समृद्धि र जनउत्तरदायी शासनको सुनिश्चितताका लागि प्रतिबद्ध छौं ।

विगत आर्थिक वर्षमा नगरपालिकाले पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, दिगो सहरीकरण र सूचना प्रविधिमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ । यिनै उपलब्धिहरूलाई आधार मानेर यस वर्षको नीति तथा कार्यक्रम, विकासका प्राथमिकता र आवश्यकता अनुरूप तय गरिएको छ ।

जलेश्वर नगरपालिका स्थापनाको सुरुवातदेखि नै समावेशी, दिगो र जनउत्तरदायी स्थानीय शासन निर्माण गर्ने दृढ सङ्कल्पका साथ अगाडि बढ्दै आएको हामी सबैलाई सर्वविदितै छ । स्थानीय तहको दोश्रो निर्वाचनको विगत तीन वर्षमा नगरपालिकाका लागि संरचनात्मक विकास,

सेवा प्रवाहमा सुधार, पूर्वाधार सुदृढीकरण र नागरिक सहभागिता अभिवृद्धिको दृष्टिकोणले महत्वपूर्ण रहेको छ । यस अवधिमा हामीले निर्वाचनमा आम नगरवासी समक्ष प्रस्तुत गरेको घोषणापत्र तथा प्रतिवद्धता अनुरूप आधारभूत स्वास्थ्य सेवा पहुँचमा वृद्धि, शैक्षिक गुणस्तर, गुणस्तरीय स्थानीय सडक सञ्जाल विस्तार, ढल तथा खानेपानी संरचनामा सुधार, वातावरण संरक्षण तथा डिजिटल प्रविधिको प्रयोगमार्फत सेवा सरलीकरण जस्ता उल्लेखनीय उपलब्धिहरू हासिल भएका छन् । नागरिक सुनुवाइ, योजना सहभागिता र सेवा पारदर्शिता प्रवर्द्धन मार्फत उत्तरदायी शासनतर्फ सकारात्मक पाइला चालेका छौं ।

नगरपालिकालाई आहा"जलेश्वरबनाउन विगतका अनुभव ", सिकाइ र नागरिक अपेक्षालाई समेट्दै आर्थिक वर्ष २०८२ को नीति तथा कार्यक्रमले ८३/समावेशी, दिगो र समृद्ध नगर निर्माणका लागि बहुआयामिक क्षेत्रलाई समेट्ने प्रयास गरेका छौं । यसका लागि आगामी दुई वर्षभित्र सेवा प्रवाहको गुणस्तर सुधार, स्थानीय अर्थतन्त्रको सुदृढीकरण, युवाशक्ति परिचालन, वातावरणीय दृष्टिकोणमा संवेदनशील तथा फोहोरमैला व्यवस्थापन, पूर्वाधार विकास, सुशासन प्रवर्द्धन र नवप्रवर्तनमैत्री प्रविधिको प्रयोग मार्फत नगरपालिका समृद्धिको यात्रामा थप सशक्त रूपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्न चाहान्छौं ।

"पवित्र सुन्दर हरित समृद्ध, जलेश्वर" भन्ने मूल मन्त्रका साथ हामीले आगामी आर्थिक वर्ष २०८२ का लागि आफ्नो नीति तथा कार्यक्रम २०८३/प्रस्तुत गर्न लागेका छौं । स्थानीय तहको रुपमा सेवा प्रवाह, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, फोहोरमैला व्यवसथापन, महिला तथा युवा सशक्तीकरण र सुशासन हाम्रो प्राथमिकताका क्षेत्र रहेका छन् ।

विगत आर्थिक वर्षहरूमा हासिल उपलब्धिहरूलाई मजबुत बनाउँदै नगरवासीहरूको जीवनस्तरमा ठोस परिवर्तन ल्याउने उद्देश्यले यो नीति तथा कार्यक्रम तयार पारिएको छ । साथै, आर्थिक, सामाजिक, पूर्वाधार तथा प्राविधिक समृद्धिलाई समेट्ने गरी योजना निर्माण गर्ने हाम्रो ध्येय रहेको छ, जसमा सहभागितामूलक योजना निर्माण प्रक्रिया, पारदर्शिता र जनउत्तरदायित्व सुनिश्चित गरिनेछ ।

आगामी वर्ष नगरको विकास यात्रालाई थप प्रभावकारी बनाउँदै, स्मार्ट सिटीको अवधारणातर्फ अग्रसर हुँदै, वातावरणीय सन्तुलन तथा फोहोरमैला व्यवस्थापन र नवप्रवर्तनशील सोचका साथ अघि बढ्ने दृढ संकल्प यो नीति तथा कार्यक्रम मार्फत व्यक्त गर्दछु ।

**आदरणीय सभा सदस्यज्यूहरु अब म चालु आ.व. २०८२/०८३ को निति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु।**

## नीति तथा कार्यक्रम

१) जलेश्वर नगरपालिकाको आगामी आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवादतर्फको यात्रा र विकासको क्रममा आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछाडि परेका समुदायहरु समेतलाई मध्यनजर गर्दै नगरवासीको सर्वोपरी हितलाई केन्द्रभागमा राखी तयार पारिएको छ ।

२) सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले जलेश्वर नगरपालिकाका कार्यहरुमा पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भष्ट्राचारमुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ । स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ । राष्ट्रको सांस्कृतिक धरोहर मानिने सम्पदा र संस्कृतिलाई सम्वर्धन एवं प्रवर्धन गर्ने नीति मार्फत नगरपालिकाका कार्यक्रमहरु निर्देशित हुनेछन् । नगरका भौतिक तथा सामाजिक उत्थानका योजनाहरु बनाउँदा बातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ । नगर निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार संघसंस्थाहरुको सहकार्य आवश्यक हुने हुनाले सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

३) जलेश्वर नगरपालिकाको नीति, योजना तथा कार्यक्रमहरु पहिचान गर्ने, नीतिगत निर्णय गर्ने, कानूनी प्रवन्ध गर्ने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्न नगरसभा, नगरकार्यपालिका, प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिहरु, वडा अध्यक्षहरु, नगरकार्यपालिकाका सदस्यहरु तथा वडा सदस्यहरु, सहरी योजना आयोग, विज्ञ सल्लाहकारहरु र आवश्यकतानुसारको कर्मचारी संयन्त्रबाट कार्य भई आएको व्यहोरा अवगत नै छ । नगरद्धारा सम्पादित कार्यहरुमा स्थानीय राजनीतिक दल, बुद्धिजिवी, स्वयंसेवी, नागरिक समाज र आम संचारको भूमिका अझ महत्वपूर्ण रहेको छ । यी सबै पक्षलाई ध्यान दिई नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, विभिन्न विषयगत कानूनहरु, जलेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम, नेपाल सरकारको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकास लक्ष्य र विभिन्न व्यक्तित्वहरुबाट प्राप्त सुझावहरु समेतलाई आत्मसात गरी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

४) नगरबाट सम्पादन हुने कार्यहरु समन्वय, सहकार्य, साझेदारी, सम्प्रेषण र अनुगमनलाई मूख्य आधार बनाई कार्यान्वयन गर्नका लागि जलेश्वर नगरपालिकाका विषयगत समितिहरुको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

५) नगरपालिकाको आवश्यकता तथा नगरवासीको चाहनालाई आत्मसात गर्दै हरेक बर्ष कुनै न कुनै विकासका नयाँ अवधारणा ल्याइनेछ र त्यो बर्ष उक्त अवधारणालाई मूर्तरुप दिन बर्षभरी नै विशेष कार्यक्रमहरुको आयोजना गरिनेछ । आगामी आर्थिक बर्ष कृषि तथा पुर्वाधार विकासको वर्ष हुनेछ । जलेश्वर महादेव मन्दिर लगायतका सम्पदा सौन्दर्यकरण, कृषि क्षेत्रको विकास, सिंचाईको व्यवस्था तथा बजार सेड निर्माण, जलेश्वर नगरपालिकाभित्रका अन्य सार्वजनिक पूर्वाधारको निर्माण एवं गुणस्तरीयता अभिवृद्धि तथा प्रदुषण नियन्त्रणमा विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

## विषयगत नीतिहरु

### क) सुशासन नीति

१) जलेश्वर नगरपालिकाको संगठन संरचनालाई पुनरावलोकन गरी सवै तहका कर्मचारीहरुको कार्यविवरण बनाई लागू गरिनेछ । कर्मचारीको कामको मूल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२) जलेश्वर नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा, विकास कार्यहरुको प्रभावकारी अनुगमनको आवश्यकता महसुस गरिएकोले सो प्रयोजनका लागि जलेश्वर नगरपालिका प्रमुखको सचिवालय अन्तर्गत रहने गरी एक अनुगमन इकाइको स्थापना गरिनेछ । हाल संचालित टोल फ्रि नंम्बरलाई यसै अन्तर्गत सञ्चालन गरी नगरलाई प्राप्त हुने सुझाव र गुनासाहरु सिधै सम्वोधन गरिनेछ ।

३) जलेश्वर नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, पारदर्शी र सेवाग्राहीमैत्री बनाइनेछ । प्रशासनिक स्वच्छता र निश्पक्षता नगरपालिकाको ध्येय हुनेछ ।

४) जलेश्वर नगरपालिकाको महत्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरुसँग कार्यसम्पादन करार गरी कर्मचारीको वृत्ति विकास, सुविधा र जिम्मेवारीलाई कार्यसम्पादनस्तरसँग आवद्ध गरिनेछ ।

५) भ्रष्ट्राचार नियन्त्रण गरी दण्डहीनताको अन्त्य गरिनेछ । नगरको सेवा प्रवाहमा कानून उल्लंघन गर्ने र जनउत्तरदायित्व वहन नगर्ने कर्मचारी उपर कडा कारवाही गरिनेछ ।

६) सबै वडा कार्यालयहरुमा गुनासो सुन्ने अधिकारी तथा हेल्प डेक्स र नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।

७) जलेश्वर नगरपालिकाका जनप्रतिनिधिहरुको क्षमता विकास गर्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

८) कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाइनेछ । विकासलाई जनतासँग आवद्ध गराई नगरको विकासमा जनताको हातेमालोलाई आत्मसात गरिनेछ ।

९) नगरपालिका कर्मचारी व्यवस्थापन सम्वन्धी कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१०) जलेश्वर नगरपालिकाका नगरवासीलाई छिटो-छरितो रुपमा न्याय प्रदान गर्नका लागि आवश्यक श्रोत, साधन र संयन्त्रको उच्च प्रबन्ध मिलाइनेछ । आगामी आ.व.भित्र सवै वडा कार्यालयमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै मेलमिलाप गराई विवाद निरुपण गर्ने नीति लिइनेछ ।

११) न्यायिक काम कारवाहीलाई सूचना प्रविधिसँग आबद्ध गरी विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई व्यवस्थित गरिनेछ ।

१२) नगरपालिकाको सेवा प्रवाहसँग सम्बन्धित ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, मार्गदर्शन, दिग्दर्शन आदि तयार गरी लागू गरिनेछ ।

१३) सीसी क्यामराको माध्यमबाट प्रविधिमैत्री सुरक्षा नीति नगरपालिकाभित्र लागू गरिनेछ । अपराध नियन्त्रण र दुर्घटना न्यूनीकरण लगायतका कार्यक्रमलाई नेपाल सरकारसँग समन्वय गरी उच्च सतर्कता कायम गर्ने नीति लिइनेछ । कार्यालय व्यवस्थापनलाई पारदर्शी बनाउनका लागि जलेश्वर नगरपालिकाका सबै कार्यालयमा सी.सी.टी.भी. जडान गरिनेछ ।

१४) नगर प्रहरीको सेवालाई शसक्त र गुणस्तरीय बनाउन क्षमता विकास, तालिम तथा श्रोत साधन उपलब्ध गराई नगर प्रहरीलाई नतिजामूलक सुरक्षा बलको रुपमा विकास गरिनेछ ।

१५) सहरी सुरक्षा कायम गर्न र सहरी सेवा वितरणमा प्रभावकारिता हासिल गर्न नगरपालिकामा अस्थायी रुपमा बसोबास गर्ने व्यक्तिको समेत लगत अद्यावधिक गर्न आवश्यक देखिएकोले घरधनीले घर वहालमा दिँदा अनिवार्य रुपमा वहाल सम्झौता गरी वहालमा बस्ने व्यक्ति एवं निजको परिवारको विवरण समेत जलेश्वर नगरपालिकाकार्यालयमा पेश गर्नुपर्ने नीतिगत व्यवस्था मिलाइनेछ ।

**ख) आर्थिक तथा वित्त नीतिः**

१) आर्थिक तथा समाजिक न्यायमा आधारित नमुना सहर बनाउन, आर्थिक समृद्धिको ढोका खोल्न लगानीमैत्री वातावरण बनाइनेछ ।

२) जलेश्वर नगरपालिकाको आन्तरिक श्रोतसाधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करको दायरा बिस्तार, र राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ ।

३) महानगरपालिकाले प्रवाह गर्ने सेवासँग सम्पत्ती कर, बहाल कर, ब्यवसाय कर र विज्ञापन करलाई एकीकृत रुपमा आबद्ध गरिनेछ ।

४) करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउँदै समग्र राजस्व प्रशासनलाई करदातामैत्री बनाइने छ । कर तथा गैरकर राजस्व अनुगमन कार्यलाई कडाइका साथ लागू गर्न विशेष अनुगमन टोली गठन गरी परिचालन गरिनेछ ।

५) जलेश्वर नगरपालिकाका सम्पूर्ण करदाताहरुको तथ्याङ्क संकलन गरी अभिलेख अध्यावधिक गरिनेछ । राजस्व असूली कार्यमा विभिन्न निकायहरु र उपत्यकाका अन्य नगरपालिकाहरुसँग समन्वय तथा सहकार्य गरी राजस्व परिचालनमा अभिवृद्धि गरिनेछ ।

६) जलेश्वर नगरपालिकाका क्षेत्रभित्र संचालन हुने गरी अनुमति लिएका संघसंस्था एबं व्यापार व्यबसाय दर्ता र नवीकरण हुनुपूर्व जलेश्वर नगरपालिकामा अनिवार्य दर्ता

हुनुपर्ने र खारेजी हुनुपूर्व जलेश्वर नगरपालिकाको शिफारिस अनिवार्य हुनुपर्ने व्यवस्थाका लागि सम्बद्ध निकायहरुसँग सहकार्य गरिनेछ ।

७) जलेश्वर नगरपालिकाका सवै प्रकारका कर अशुलीलाई प्रभावकारी बनाउन आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गरिनेछ । बहाल करलाई प्रभावकारी बनाउनका लागि बहालमा दिने र लिनेबिच सम्झौता अनिवार्य गर्नुपर्ने व्यवस्था लागू गरिनेछ । बहाल कर असशुलीलाई थप प्रभावकारी बनाउनका लागि नेपाल सरकार आन्तरिक राजस्व विभाग र राजस्व कार्यालयहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

८) आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र करपरीक्षण कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

९) स्थानीय उद्यमशीलता, शीप विकास र स्थानीय श्रोत साधनको उपयोगको माध्यमवाट स्थानीय उत्पादन अभिवृद्धि गरी स्थानीय आर्थिक विकासका लागि सहकारी संस्थाको दर्ता, नियमन र प्रवर्द्धन गरिनेछ । सहरी गरिवी निवारणको लागि सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गरिनेछ ।

१०) सबै किसिमका पेशा व्यवसाय सञ्चालनको दर्ता, नवीकरण गर्ने कार्य छिटो, छरितो, सरल र पारदर्शी बनाई राजस्वको दायरा वढाउन सघन अनुगमन गरिनेछ ।

११) वडा कार्यालयलाई सशक्त र प्रभावकारी बनाउनका लागि वडा स्तरीय पुर्वाधार निर्माण र सेवा सञ्चालनको लागि न्युनतम निःशर्त विकास अनुदान उपलब्ध गराइनेछ । तोकिएको सीमा भन्दा वढी राजस्व परिचालन गर्ने वडा कार्यालयहरुलाई राजस्व परिचालनको आधारमा थप बजेट निकासा गरिनेछ । कर परिचालनलाई प्रभावकारी बनाउनका लागि सम्वन्धित वडाका जनप्रतिनिधि तथा कर्मचारीलाई प्रोत्साहन गरिनेछ ।

१२) सहरको सौन्दर्य र सुरक्षामा आँच आउने गरी विज्ञापन सामाग्रीहरु राख्ने कार्यलाई पूर्णतः निषेध गर्ने नीति अवलम्बन गरिनेछ ।

१३) सम्पती कर असुलीलाई थप प्रभावकारी बनाउनका लागि नेपाल विद्युत-प्राधिकरणसँग समन्वय र सहकार्य गरिनेछ ।

## ग) भौत्तिक पूर्वाधार तथा संरचना विकासः

१. दिगो नतिजामूलक विकासको लागि आवश्यक गुरुयोजना तयार गरी अगामी वर्ष आवधिक नगरविकास योजना भू-उपयोग योजना एवं प्रकोप व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयनमा जोड दिईने छ ।

२ . सम्भावित प्रकोप, दुर्घटना र आम नगरवासीको सुरक्षाको लागि शहरी विकास मन्त्रालयबाट जारी संघिय मामिला तथा स्थानिय विकास राष्ट्रिय भवन सहिता एवं भवन निर्माण मापदण्ड मन्त्रालयबाट जारी वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन २०७२ लाई कडाईका साथ लागु गरिने छ ।

३ . उत्तर दक्षिण राजमार्ग नेपाल सरकार सडक विभागको मापदण्ड अनुसार (क) वर्गका प्रमुख सडकहरू १४ मीटर (ख) वर्गका मुख्य शाखा सडकहरू १० मिटर (ग) वर्गका भित्री शाखा सडकहरू ६ मिटर र पुराना बस्तीहरुका साँघुरा सडकहरुलाई समेत प्रत्येक घर सम्म एम्बुलेन्स, दमकल पुग्नसक्ने गरी कम्तीमा ४ मिटर वा सो भन्दा नक्सामै बढी भएमा नक्सा अनुसार सडक चौडा गरी मात्र सडक मर्मतका स्वीकृत आयोजनाहरु मर्मत संभार र स्तरोन्नती गरिने छ।

४ . कम्तीमा ८ मिटर चौडा सडक संग जोडिएको प्लटमा भित्री सडकहरु कम्तीमा ६ मिटर चौडा गरी खानेपानी, विद्युत पोल ढल र सडकको स्तरोन्नती समेत गर्ने शर्तमा कानुन बमोजिम नयाँ प्लटिङ्गको अनुमति प्रदान गरिनेछ । साथै अब खोलिने सबै नयाँ सडकहरुको चौडाई कम्तीमा ६ मिटर चौडा हुने छ ।

५ . विकास निर्माणमा प्रयोग हुने निर्माण सामाग्री र कच्चा पदार्थ नगरस्तरीय मापदण्ड तोकी सोही बमोजिम मात्र प्रयोगमा ल्याई पूर्वाधार विकासको गुणस्तर कायम गरिने छ ।

६ . आकस्मीक मर्मत संभारको लागि मर्मत संभारकोषको व्यवस्था गरी संचालनमा ल्याईने छ ।

७ . नगरमा संचालन हुने सबै आयोजना र कार्यक्रमहरु सम्भाव्यता स्थानिय आवश्यकता र प्राथमिकता एवं लाभान्वित वर्गको चाहना अनुरुप वातावरण मैत्री पूर्वाधार विकास हुने गरी विधि सम्मत प्रकृयाबाट संचालन गरिने छ ।

८. ५ लाख भन्दा माथिका आयोजनाहरुमा आयोजना स्थलमा योजना सम्बन्धि जानकारी गराउन अनिवार्य रुपमा विस्तृत विवरण सहित होर्डिङ्ग बोर्ड लगाईने छ ।

९ . वढ्दो सार्वजानिक जग्गा तथा सडक अतिक्रमणलाई स्थानिय जनसहभागितामा नियन्त्रण गरी ऐतिहासिक, धार्मिक स्थलहरुका साथै सार्वजानिक जग्गाहरु खोजी संरक्षण गरिने छ ।

१०. प्रत्येक वर्ष उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने र खराब आचरण भएका उपभोक्ता सहयोगीहरुलाई दण्ड सजाय गर्ने नीति लिई गुणस्तरीय विकास निमार्णमा जोड दिईने छ।

११. एक नगर एक बहु-उपयोगी पोखरीको अवधारणा अनुसार यस नगरको सबै पोखरीलाई रमणीय र धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न गुरुयोजना बनाई बजेट व्यवस्थापनका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

१२ . सिचाईका मुहानहरु सुक्दै गएको र वर्तमान अवस्थामा कृषकहरुको हकहितलाई ध्यानमा राखी नगरभित्रका सिचाँई बाँध तथा पैनीहरुको मुहान संरक्षण, मर्मत संभार तथा सिचाई सुविधाको लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

१३ . नगरक्षेत्रको उपर्युक्त स्थानमा भ्यु टावर निर्माणको सम्भाव्यता अध्ययन तथा वजेट व्यवस्थापनको लागि आवश्यक पहल गरिने छ ।

१४ . नगरपालिकाको सोत साधनले सम्भव नहुने योजनाहरुलाई प्रदेश तथा केन्द्र स्तरका सम्बन्धित निकायमा योजना कार्यान्वयनका लागि सिफारिस गरी पठाईने छ ।

१५ . नगरपालिकाको उपयुक्त स्थान छनौट गरी सवारी साधन पार्किङ्गको व्यवस्था अविलम्ब मिलाइनेछ।

१६ . सम्पूर्ण नगरबासीलाई बजारसम्म सहज पहुँच हुने व्यवस्था मिलाउन सबै वडाबाट नगर बस संचालनमा ल्याइने छ।

१७. विस्तारित समृद्ध नगर विकासको उद्देश्य सहित नगरपालिका क्षेत्रमा रिङ रोड सहित बसपार्क को निर्माण यसै बर्ष शुरु गारिने छ।

१८. जलेश्वर स्थित वडा नं. १ मा रहेको स्मशान घाटलाई जिर्णोद्धार गरी व्यवस्थित गरिनेछ।

**घ) <u>महिला, बालबालिका तथा अन्य लक्षित समुह विकास :</u>**

१ . सवै लक्षित वर्गको पूर्वाधार विकासको लागि विनियोजित रकमबाट छनोट गरीएका आयोजना र कार्यक्रमहरु सम्बन्धित लक्षित वर्गकै सहभागितामा संचालन गरिने छ ।

२ . विपन्न तथा पिछ्डिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तिकरण र क्षमता विकास सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।

३ . बालमैत्री स्थानिय शासनको अवधारणालाई संस्थागत विकास गर्ने नीति लिईने छ ।

४. बाल संजाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धि कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

५ . आपाङ्गता भएका व्यक्तिहरुको सम्पर्क हुने सबै भौतिक संरचनालाई आपाङ्ग मैत्री बनाउदै लगिनेछ।

६ . बालिकाहरुको शिक्षाको हक कार्यान्यिन गर्न बालिका संरक्षण कोष स्थापना गरिने छ।

७ . जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षमा विषेश जोड दिईने छ ।

८. दलित एवं आदिवासी/ जनजाती मधेशी, मुस्लिम, पिछडा वर्ग हक अधिकारको प्रर्वद्धन एवं निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि गर्दै सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छ।

९ . महिला, बालबालिका आदिवास/ जनजाती, मधेशी, मुस्लिम, पिछडा वर्ग, दलित, भिन्न क्षमता भएका व्यक्ति, लैङ्गिक अल्प संख्यक जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता विकास तथा सिप विकासका लागि सिपमूलक, चेतना मूलक कार्यक्रमहरु संचालन गरिने छ ।

१० . शहिद परिवारको सम्मान र सहयोगका लागि शहिद परिवार सहयोग कोष स्थापना गरिने छ।

११ . बजार क्षेत्र बाहेक आवासीय क्षेत्रबाट २५० मिटर सम्मको दुरीमा मदिरा पसल राख्न नपाउने गरी नियम लागु गरिनेछ ।

१२ . अनाथ वालवालिकाहरुका लागि अनाथालय तथा वृद्धाहरुका लागि वृद्धाश्रम स्थापनाका लागि पहल गरिनेछ ।

१३ . आपाङहरुका लागि सहायक सामाग्री वितरण गर्नका साथै आपाङ्ग नगर संजाल गठन गरिनेछ ।

१४. वालवालिकाहरुको लागि पूर्ण खोप अभियान कार्यक्रम संचालन गरिनेछ ।

१५. महँगाई लाई मध्य नजर गरी गरिबी रेखामुनी रहेका मध्यम घरपरिवारलाई खाना पकाउने ग्यास तथा चामल दालमा अनुदानको व्यवस्था गरिनेछ।

१६. वि.सं.२०८४ साल सम्ममा जलेश्वर नगरपालिकालाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह मुक्त घोषणा गर्ने लक्ष्य प्राप्तिका लागि प्राथमिकताका साथ क्रियाकलापहरु संचालन गरिनेछ ।

## ङ.) <u>वातावरण संरक्षण, खानेपानी तथा सरसफाईः</u>

१. **"पवित्र सुन्दर हरित समृद्ध, जलेश्वर"** भन्ने नारालाई सार्थक तुल्याई नगरपालिकालाई पूर्ण सरसफाई युक्त बनाउन सरसफाईमा नमुना शहरको रूपमा स्थापित गरिने छ ।

२. नगरपालिकामा १०० दिने स्वच्छता अभियान संचालन गरी नगरपालिकालाई फोहोर मुक्त बनाइनेछ।

३. खाली पर्ती जग्गा तथा सडकको दायाँ बाँया उपभोक्ता समुह, विद्यालय परिवार र नागरिक समाज मार्फत वृक्षारोपन कार्यक्रम संचालन गरी हरियाली प्रबर्द्धन गरिने छ ।

४. नगरको फोहरमैला व्यवस्थापनमा निजि क्षेत्र समेतलाई परिचालन गरी सार्वजानिक निजि साझेदारी (PPP ) मोडेलको अवधारणा अनुरुप कार्य गर्ने निति लिईने छ ।

५. सरसफाई सम्बन्धी बानी व्यहोरा परिवर्तन गर्न जनचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।

६. फोहरलाई मोहरमा परिणत गर्न उदेश्यका साथ Zero Waste अवधारणा अनुसार शुन्य फोहर
अवस्था निर्माणका लागि फोहोरजन्य पदार्थहरुको श्रोतमा वर्गीकरण सहित संकलनका लागि हरियो,रातो र निलो अभियानलाई अगाडी बढाउन पहल गरिनेछ । फोहरको मात्रा घटाउने, जैविक तथा अजैविक फोहरजन्य पदार्थको पुनः प्रयोग र पुनः प्रशोधन बिधि (3R Approach,Reduce,Reuse, Recycle) लाई प्राथमिकता दिइनेछ ।

७. जलेश्वर बजारमा बायो ग्याँस जडित शौचालय तथा निजी क्षेत्रको साझेदारीमा घुम्ती शौचालय
व्यवस्थापन र संचालनको प्रबन्ध मिलाईने छ ।

८. ढल, नाला तथा लैण्ड फिल साईट व्यवस्थापनमा आवश्यक पहल गरिने छ ।

९. नगर क्षेत्र भित्र प्लास्टिक प्रयोगमा बन्देज लगाई सार्वजानिक निजि साझेदारी (PPP) मोडेलको अवधारणा अनुरुप वातावरण मैत्री झोला उत्पादन गर्न प्रत्साहित गर्दै प्रविधिमा आवश्यक सहयोग गरिने छ ।

१०. जथाभावी फोहर गर्ने, सार्वजानिक स्थान र सडकहरुमा अवरोध हुने गरी पशु चौपाया छोड्ने, बाटोमा चौपाया बाँध्ने तथा निर्माण सामाग्री राख्ने लाई फोहर मैला व्यवस्थापन ऐन तथा नियमावली अनुसार कार्यावाही गरिने छ ।

११. शौचालय बनाई प्रयोगमा ल्याएका घर परिवारलाई यथाशिघ्र सरसफाई कार्ड वितरण गरी उक्त कार्डलाई नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा अनिवार्य गरिने छ । साथै शौचालय नभएका घरधुरीलाई जनचेतना अभिवृद्धि गरी शौचालय निमार्णमा आवश्यक सहयोग गरिने छ । साथै वातावरणमैत्री स्थानीय शासनका सूचकहरु पुरा गराउने गरी सरसफाई अभियानलाई सामाजिक आन्दोलनको रुपमा अघि बढाईने छ।

१२ . नगर भित्रका सम्पूर्ण नालाहरुमा माथि स्लायबको व्यवस्था गरिने छ ।

१३ . जग्गा नभएका नागरिकहरुको हकमा समुदायमा आधारित शौचालयको निमार्ण गरी त्यसको संचालन तथा सम्बर्द्धनको लागि सरोकारवाला निकायमा हस्तातरण गरिने छ ।

## च) <u>शिक्षा तथा खेलकुद मनोरन्जनः</u>

१. मनिपाल ईन्जिनियरिङ्ग कलेज स्थापना गर्न नेपाल सरकार बाट स्वीकृती लिई मनिपालले स्थानीय जनताको खेती योग्य जग्गा खरिद गरेको तथा सो जग्गामा हाल सम्म कलेज स्थापनाका लागि निर्माण गर्न यस नगरपालिकाबाट भवन निर्माणका लागि नक्सा पास समेत गराई निर्माण सम्वन्धि हाल सम्म कुनै प्रकृया नगरेकोले सो कलेज स्थापना को लागि नेपाल सरकार तथा सम्वन्धित कलेज व्यवस्थापनसँग पहल गर्न कार्य टोली गठन गर्ने र सो टोलीले निर्माण सम्वन्धि प्रकृया सम्पन्न गर्न आवश्यक कार्य गरिनेछ।

२ . सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकास र शौचालय निर्माणका लागि आवश्यक अनुदान उपलब्ध गराइनेछ ।

३ . शिक्षा क्षेत्रको खसकिदो गुणस्तरलाई ध्यानमा राख्दै नगरका सबै शिक्षण संस्थाहरुको नियमित अनुगमन र नियमन गर्दै गुणस्तरीय शिक्षामा जोड दिईने छ।

४. प्रत्येक सामुदायिक विद्यालयमा अंग्रेजी माध्यममा पठनपाठन गराउनुका साथै उच्च शिक्षा हासिल गर्ने जेहेन्दार छात्र छात्राहरूका लागि छात्रवृति प्रदान गरिनेछ।

५ . शिक्षकहरुका लागि तालिमको व्यवस्था गरिनेछ ।

६ . नगरक्षेत्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा बाल विकास शाखा संचालनलाई निरन्तरता दिईनेछ।

७ . नगरका सम्पूर्ण सामुदायिक विद्यालयमा अनिवार्य विधुतीय हाजिरीको व्यवस्था कार्यन्वयनमा ल्याईनेछ।

८ . नगरक्षेत्रको विद्यालयहरुमा कम्प्युटर उपलब्ध गराई प्रयोगात्मक कक्षालाई प्रभावकारी रूपमा संचालनमा ल्याईनेछ।

९ . नगर क्षेत्रबाट उत्कृष्ट नतिजा ल्याउने शिक्षण संस्था तथा उत्कृष्ट छात्र छात्राहरुलाई पुरस्कार र सम्मानको व्यवस्था गरी प्रोत्साहन गरीने छ ।

१० . यस नगरको शिक्षा क्षेत्रको धरोहरको रुपमा रहेको रामानन्दन विशेश्वर महेन्द्र क्याम्पसको पर्याप्त भौतिक पूर्वाधारहरु भएता पनि नियमित आम्दानीका श्रोतहरु नहुदाँ संचालन खर्च न्युन भई पठनपाठनमा समेत समस्या देखिएकोले सम्भाव्य श्रोत पहिचान गरी संचालन खर्चको व्यवस्था मिलाउन उचित पहल गरिने छ ।

११ . खेलकुद क्षेत्रको विकासको लागि नगरका सबै वडामा खेल मैदानको व्यवस्थापन, बजार क्षेत्रमाकभर्ड हललाई व्यवस्थित तथा जलेश्वर २ को खेल मैदानलाई संरक्षण गरी क्षेत्रिय रङ्गशालाको रुपमा विकास गर्न गुरु योजना बनाई सम्बन्धित निकायमा वजेट व्यवस्थापनको लागि पहल गरिने छ।साथै खेलकुदको विकासका लागि प्रतियोगिता आयोजना गारिनेछ।

११ . राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेल कुदमा भाग लिने नगर क्षेत्र भित्रका उत्कृष्ट खेलाडी तथाजित हासिल गराउँन सहयोग पुर्याउने प्रशिक्षकज्यू हरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाईने छ ।

१२. नगर क्षेत्रमा व्यवस्थित र व्यवसायिक शिक्षाका लागि नर्सिङ क्याम्पस का साथै व्यवसायिक प्राविधिक क्याम्पस स्थापनाका लागि पहल गरिनेछ।

**छ) <u>स्वास्थ्यः</u>**

१. नगरपालिका क्षेत्रमा जनस्वास्थ्य संग सम्बन्धित क्रियाकलापहरु संचालन गर्ने सबै सरकारी तथा गैरसरकारी संघ संस्था तथा निजि क्षेत्रहरु संग समन्वय गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहलाई प्रोत्साहन गरिने छ ।

२ . प्रादेशिक अस्पताल जलेश्वरको स्तरोन्नती र सेवा संचालनमा सहजता ल्याउन सरोकारवाला निकायहरु संग समन्वय गरी आधुनिक उपकरण सहित विषेशज्ञ चिकित्सक सहित सेवा प्रवाहको व्यवस्था मिलाउँदै सबै स्वास्थ्य चौकीहरुको समेत पूर्वाधार विकासमा आवश्यक सहयोग पुर्याई विभिन्न अति आवश्यक ९८ किसिमका औषधिहरू निःशुल्क उपलब्ध गराईनेछ ।

३ . नगर भित्र आयुर्वेद चिकित्सा प्रणाली र योग शिक्षा संचालन गर्ने व्यवस्था अबिलम्ब संचालनमा ल्याईनेछ र आयुर्वेद चिकित्सा प्रणाली र योग शिक्षा संचालन गर्नेव्यक्ति र संघ संस्थाहरुलाई आवश्यक सहयोग र प्रोत्साहनको व्यवस्था गरिने छ ।

४ . सर्वसाधारणका लागि नेपाल सरकारले सरकारी स्वास्थ्य संस्थाहरु मार्फत निशुल्क उपलब्ध गराउने औषधी तथा अन्य सेवाहरु पारदर्शी रुपमा वितरणको पहल गरिने छ ।

५. जलेश्वर नगर क्षेत्रवाट जनकपुर सम्म निःशुल्क एम्बुलेन्स सेवा संचालनलाइ निरन्तरता दिइनेछ।

**ज) कृषि तथा पशु विकासः**

१. निर्वाहमुखि खेती प्रणालीलाई व्यवसायिक कृषि प्रणाली तर्फ उन्मुख गर्न आवश्यक पहल गरिने छ।

२. अर्गेनिक तरकारी खेती तथा प्राङ्गारिक खेति कार्यक्रममा आवश्यक सहयोग गर्दै यस नगरमा युवास्वःरोजगार कार्यक्रम संचालन गर्न सम्बन्धित निकायम पहल गरिनेछ।

३ . उन्नत पशु पालन, पशु विमा गोठ तथा भकारी सुधार जस्ता कार्यक्रमहरु संचालनमा विषेश पहल गरिने छ ।

४ . जलेश्वर नगरपालिकामा कृषि तथा पशु पालनको प्रचुर सम्भावना रहेको र युवाहरु यस क्षेत्रमा आकर्षित समेत भएकोले यस सम्बन्धि प्राविधिक शिक्षाको लागि कृषि तथा पशु प्राविधिक शिक्षालय स्थापनाको लागि सम्बन्धित निकायमा आवश्यक पहल गरीने छ ।

५ . एक नगर एक उत्पादनको लागि जलेश्वरको पहिचानको रुपमा रहेको आँप खेती र माछा पालनलाई प्रोत्साहन गरिने छ ।

६. कृषि क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि किसानलाई सहज तथा समयमै सहुलियत दरमा बिउ बिजन तथा कृषि उपकरण उपलब्ध गराईनेछ।

**झ) विपद व्यवस्थापन, वन तथा भू-संरक्षणः**

१ . विपद् व्यवस्थापन विशेष कोषमा रकम विनियोजन गरी आकस्मिक विपद्हरुमा सम्बन्धित निकायहरुसंग समन्वय गरी सहयोग पुर्याईने छ ।

२. सम्भाब्य विपद् सम्बन्धि जनचेतना, विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयनमा पहल गरिने छ ।

३. जलवायु परिवर्तन अनुकुलन कार्य योजना निर्माण गर्न आवश्यक पहल एवं सम्बन्धित निकाय र संघसंस्थाहरु संग समन्वय गरिने छ ।

४. नदी कटान र बाढी प्रभावित क्षेत्रको अध्ययन गरी नियन्त्रणात्मक कार्यक्रम संचालनमा जोड दिईने छ ।

५. वडा विपद व्यवस्थापन समिति र नगर विपद व्यवस्थापन समितिलाई क्रियाशिल गरिनेछ।

६. सार्वजानिक पर्ति जग्गाहरुको खोजी गरी संरक्षण र वृक्षा रोपन गर्ने तथा हरियाली प्रवर्द्धन गरिनुका साथै सार्वजनिक स्थलको रुख कटानीमा नियन्त्रण गरिनेछ ।

७. नगर क्षेत्रको पानी निकासका लागि ठोस योजना संचालनमा ल्याईनेछ।

**ञ) <u>सहकारी क्षेत्रको विकास, गरिबी न्युनीकरण र पर्यटन प्रवर्द्धनः</u>**

१. सहभागिताको माध्यमबाट ग्रामिण क्षेत्रमा समेत सहकारी क्षेत्रको परिचय र विकासका बारे मासामाजिक परिचालन मार्फत सचेतिकरण कार्यक्रम संचालन गरिने छ ।

२ . विपन्न लक्षित समुह तथा शिक्षित बेरोजगार युवालाई रोजगारको अवसर प्राप्तिका लागि आय मूलक र सीपमूलक तालिम (जस्तै कम्प्युटर, ल्यापटप-प्रिन्टर रिपेयरिङ, व्यापार सम्वन्धि तालिम) प्रदान गरी लघुउद्यम संचालन र विकासको लागि प्राविधिक सहयोग गरी गरिवी न्युनीकरणमा टेवा पुर्याइने छ ।

३ . नगरमा हुने विकास निर्माणका कार्यमा स्थानीय सिप, साधन र श्रोतको उपयोगलाई प्राथमिकता दिईने छ ।

४ . जलेश्वर नाथ महादेव मन्दिर लगायत अन्य सबै मठ मन्दिरका साथै स्थानीय कला संस्कृतिको विकास र प्रवर्द्धन गरी जलेश्वरलाई धार्मिक पर्यटकीय गणतव्यको रुपमा विकास गरिनेछ।

५. जलेश्वर नगरपालिकालाई आकर्षणको केन्द्र बनाउन पोखरीहरूलाई सौन्दर्यीकरण गरी प्रत्येक वडामा एउटा नमूना पार्कको निर्माण गरिनेछ।साथै बालबालिकाका लागि छुट्टै पार्कको व्यवस्था गरिनेछ।

६ . जलेश्वरनाथ महादेव मन्दिर एरियालाई बृहत धार्मिक पर्यटकीय क्षेत्र तथा भार्गवसर पोखरी क्षेत्रलाई नमूना पिकनिक स्पोटका साथै पर्यटकीय पडावको रुपमा विकास गरि PPP मोडलमा संचालनको व्यवस्था मिलाईने छ।

७ . नगर क्षेत्र भित्र अन्य पर्यटकिय क्षेत्रको पहिचान गरी कार्य योजना सहित सम्बन्धित निकायमा वजेट व्यवस्थापनको लागि पहल गरिने छ ।

नीति तथा कार्यक्रम अनुरुपको तेह्रो नगरसभाको वस्ने दोस्रो सत्रमा देहाय बमोजिमको श्रोतको आधारमा वजेट विनियोजन गरि वजेट प्रस्तुतिकरण गरिनेछ ।

श्रोत :-

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| **१) प्राप्त वजेट सिलिंग (अनुमानित)** | | | |
| **क) नेपाल सरकारवाट प्राप्त हुने अनुदान** | | | |
| १ | संघिय समानिकरण अनुदान | १५०५००००० | पन्ध्र करोड पाच लाख |
| २ | संघिय ससर्त अनुदान चालु | ३३५९००००० | तैतिस करोड उन्नसाठी लाख |
| ३ | संघिय ससर्त अनुदान पूँजीगत | ४४३००००० | चार करोड त्रिचालिस लाख |
| ४ | विशेष अनुदान चालु | ० | |
| ५ | विशेष अनुदान पूँजीगत | ० | |
| ६ | समपूरक अनुदान पूँजीगत | ० | |
| ७ | संघिय राजश्व बाँडफाँड | १२०१२५९६४ | बाह करोड एक लाख पचिस हजार नौ सय चौसठ |
| | **जम्मा** | **६५०८२५९६४** | **पैंसठ करोड आठ लाख पचिस हजार नौ सय चौसठ** |
| **ख) मधेश प्रदेश सरकारवाट प्राप्त हुने अनुदान** | | | |
| १ | वितिय समानिकरण अनुदान | ११७४५००० | एघार करोड सत्र लाख पैतालीस हजार |
| २ | समपूरक अनुदान पूँजीगत | २००००००० | विस लाख |
| ३ | प्रदेश ससर्त अनुदान | ९५००००० | पंचानबे लाख |
| ४ | विशेष अनुदान चालु | ३००००००० | तिस लाख |
| ५ | प्रदेश राजश्व बाँडफाँड | १००००००० | एक करोड |
| | **जम्मा** | **३६२४५०००** | **तिन करोड बासठ लाख पैतालिस हजार** |
| **ग) अन्य ऋण/ अनुदान** | | | |
| १ | नगर विकास कोषवाट ऋण | ० | |
| २ | स्थानीय राजश्व बाँडफाँड तथा अन्य | २००००००० | दुई करोड |
| | **जम्मा** | **२०००००००** | **दुई करोड** |
| | | **घ) स्थानीय सरकार** | |
| १ | आन्तरिक श्रोत | ६००००००० | छ करोड |
| २ | बैंक मौज्दात | १०००००००० | एक करोड |
| | **जम्मा** | **७००००००००** | **सात करोड** |
| | **कूल जम्मा** | **७७७०७०९६४** | **सतहत्तर करोड सत्तर लाख सत्तर हजार नौ सय चौसठ** |
| **२) व्यय विवरण (अनुमानित)** | | | |
| १ | चालु खर्च | ५६६७००००० | छपन्न करोड सडसठ लाख |
| २ | पूँजीगत खर्च | १९०३७०९६४ | उनैस करोड तिन लाख सत्तर हजार नौ सय चौसठ |
| | **कूल जम्मा** | **७७७०७०९६४** | **सतहत्तर करोड सत्तर लाख सत्तर हजार नौ सय चौसठ** |

**नगरसभाका सदस्यहरू,**

अन्त्यमा, यस सार्वभौम नगरसभामा पेश भएको नीति तथा कार्यक्रमको आधारमा आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने प्रतिवद्धता व्यक्त गर्दै नगरवासीका आधारभूत आवश्यकता परिपूर्ति, रोजगारी श्रृजना एवं उद्यमशीलताको प्रवर्द्धन, समावेशी, दिगो तथा विकासमुखी शासन सञ्चालन गर्ने अभिप्रायका साथ यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नगरपालिका पूर्ण रूपमा प्रतिबद्ध रहनेछ ।

यस नीति तथा कार्यक्रम तर्जुमा गर्दा मार्ग निर्देशन/सहयोग तथा समन्वय गर्नु हुने संघ तथा प्रदेशका माननीयज्यूहरू, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजक तथा सदस्यहरू, वडाध्यक्ष/सदस्यहरू, राष्ट्रसेवक कर्मचारीहरू, सरोकारवाला पक्ष तथा नागरिक समाज, बुद्धिजिवी, नगरमा क्रियाशील राजनीतिक दल, निजि क्षेत्र, सञ्चारजगत तथा आम नगरवासीलाई यस नीति तथा कार्यक्रम कार्यान्वयनमा सहकार्य र सहभागिताका लागि आह्वान गर्दै, सबैको योगदानप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछौं ।

**धन्यवाद !**

मिति २०८२ अषाढ २० गते शुक्रवार

श्री सुरेश साह सोनार
(नगर प्रमुख)